नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## भोटेकोशी विपद लक्षित क्रियाकलाप सम्बन्धी प्रतिवेदन

यस विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीबाट विभिन्न मितिमा भोटेकोशी विपद लक्षित कार्यक्रम अन्तर्गत निम्नानुसारको कार्यहरू गरेको र यस्ता कार्यहरू जारी अवस्थामा रहेको छ। यसै सन्दर्भमा, विभिन्न प्रकारका खाद्य व्यवसायको पनि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुगमन निरीक्षण गरी उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएकोले सबैको जानकारीका लागि यो प्रतिवेदन जारी गरिन्छ।

| क्र.सं. | मिति | सम्पन्न क्रियाकलाप |
|---|---|---|
| १ | २०८३/०५/११<br>बिहिबार | • तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शिवलाल तिवारीज्यूलाई कार्यालयले पाएको विशेष निर्देशन बारे जानकारी गराइयो<br>• उहाँले जिल्ला विपद व्यवस्थापन समितिको बैठक चाँडै बोलाउने जानकारी गराउनु भयो<br>• यसैगरी, नवलपरासी (पूर्व) र गोरखा जिल्लाक सहायक प्र.जी.अ.लाई पनि यसबारेमा जानकारी गराइयो। |
| २ | २०८३/०५/१२<br>शुक्रबार<br>जनैपूर्णिमा | • पृथ्वी राजमार्ग स्थित बन्दीपुर-०१ डुम्रे बजारका होटल, खाजाघरमा बन्दीपुर गापा वडा नं. ०१ का वडाध्यक्ष श्री शिव कुमार श्रेष्ठ; प्रहरी चौकी डुम्रे तथा उद्योग वाणिज्य संघ सहितको टोलीबाट अनुगमन निरीक्षण गरी बासी पिठोबाट समोसा बनाइ बिक्री गर्ने तथा उपभोग्य मिति समाप्त भएका पेय बिक्रीको लागि राख्ने एक मिठाई पसल विरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा उठान गरियो<br>• उपभोग्य मिति समाप्त भएका अन्दाजी ३५००/- बराबरका खाद्य पदार्थ नष्ट गरियो<br>• विपदको बेला बाटामा अलपत्र परेका यात्रुहरुलाई उचित मुल्यमा उपलब्ध गुणस्तरीय खानेकुरा उपलब्ध गराउन सचेत गराइयो<br>• स्थानीय मिडिया मार्फत कारवाहीको व्यवहोरा सार्वजनिक गरिएको थियो। |
| ३ | २०८३/०५/१४<br>आइतबार | • जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा सहभागी भइ शव व्यवस्थापन लगायत अन्य विषयमा छलफल हुनको साथै पिडितको सहयोगार्थ जिल्लामा संकलन हुने नगद रकम प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषको खातामा सिधै जम्मा गर्ने र जिन्सी सामग्री र खाद्यान्न समाग्रीलाई तनहुँ उद्योग वाणिज्य संघ, दमौलीको समन्वयमा संकलन र भण्डारण गर्ने र जिल्ला प्रशासन कार्यालयमा अभिलेखीकरण गराउने तथा खाद्य पदार्थको हकमा खाद्य स्वच्छता र गुणस्तरको चेक जाँच खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट गराउने निर्णय भयो। |
| ४ | २०८३/०५/१५<br>सोमबार | • गोरखा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी श्री नेत्र प्रसाद शर्माको नेतृत्वमा बजार अनुगमन सम्पन्न गरियो<br>• खाना पकाउने ग्याँसको तौलमा ठगी गर्ने एक व्यवसायी विरुद्ध कारवाही सिफारिस गरियो<br>• पानी, दुध लगायत संवेदनशील खाद्य पदार्थको गुणस्तर र चाडबाड नजिक कालोबजारी हुनसक्ने चिनी, जिरा लगायतका सामग्रीको आपूर्ति, भण्डार, परिमाण र गुणस्तरबारे पनि सघन अनुगमन गर्ने निणर्य भयो। |
| ५ | २०८३/०५/१६<br>मंगलबार | • गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री तुलसी बहादुर श्रेष्ठलाई भेट गरी विपद प्रभावित क्षेत्रमा जिल्लाबाट जाने खाद्य पदार्थ राहत सामग्रीको उपभोग्य अवधि, प्याकेटको अवस्था, समिश्रण हेर्न र गुणस्तरमा शंका लागे चेक जाँच गराउन खाद्य डिभिजन दमौलीलाई सम्पर्क गर्ने निर्देशन हुन अनुरोध गरियो |

| | | |
|---|---|---|
| | | • उजुरी गुनासो सम्बोधन गर्दै जिल्लामा चिनी, मसला र अन्य खाद्यन्नका गोदामहरुको संयुक्त अनुगमन निरीक्षण सम्पन्न गरियो। |
| ६ | २०८३/०५/१७<br>बुधबार | • तनहुँ जिल्लामा संकलन भइरहेको राहत सामग्रीको बारेमा तनहुँ जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधिहरुसँग छलफल गरियो र सामग्री संकलन भए पश्चात: ती खाद्य सामग्रीको गुणस्तर सुनिश्चित गर्न निरीक्षण गर्ने निर्णय गरियो<br>• विश्व खाद्य कार्यक्रम (WFP ) का प्रतिनिधिहरूसंग सम्पर्क गरी यसको गोदाम वा वितरण सेन्टर गोरखा, तनहुँमा नरहेको बारे जानकारी पाइयो<br>• खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग सहितको टोलीबाट WFP को भण्डारण स्थल अनुगमन गराई, चामल, तेल, नुन, हाइ इनर्जी बिस्कुट लगायत खाद्य सामग्रीको गुणस्तर जाँच विश्लेषण गराई प्रभावित क्षेत्र रसुवा, धादिंग र नुवाकोट पठाइएको बारे जानकारी पाइयो। |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/१८

## अनुगमनका केहि झलकहरु












## Emergency Food Assistance

- WFP has dispatched 31.8 mt of food assistance to date and previously delivered 2.8 mt of BP-5 for immediate relief. WFP dispatched 27 mt to Dhading, sufficient for approximately 750 households (3,200 people), and 6 mt to Rasuwa, sufficient for approximately 170 households (700 people) for 15 days.
- WFP has procured an initial 180 mt food package to date, comprising 129 mt fortified rice, 39 mt pulses, 11 mt vegetable oil and 2 mt salt, with quality inspections completed by the Department of Food Technology and Quality Control (DFTQC) and a WFP-contracted third party.
- Immediate food distributions will continue in Rasuwa, Nuwakot and Dhading as additional consignments arrive.



